नेपाल भारत खुला सीमा संबाद समूह
NEPAL INDIA OPEN BORDER INTERACTION GROUP

मितिः १८ अप्रिल, २०२६

**प्रेस विज्ञप्ति**

**विषयः सीमा व्यवस्थापन तथा भन्सार नीति सुधारका सम्बन्धमा अनुरोध**

नेपाल र भारतबीचको सदियौंदेखिको सामाजिक, सांस्कृतिक र आर्थिक सम्बन्धलाई दृष्टिगत गर्दै नेपाल-भारत खुला सीमा संवाद समूह सरकारको पछिल्लो भन्सार नीतितर्फ गम्भीर ध्यानाकर्षण गराउन चाहन्छ। सीमावर्ती क्षेत्रका बासिन्दाहरूको जनजीवन सहज बनाउन र जनस्तरको सम्बन्धलाई थप प्रगाढ बनाउन निम्न बुँदाहरू समेटेर तत्काल नीतिगत सुधार गर्न हामी जोडदार माग गर्दछौंः

१. १०० रुपैयाँको प्रतिबन्ध तत्काल खारेजी

हाल सरकारले सीमा नाकाबाट १०० रुपैयाँभन्दा बढीको सामान ल्याउँदा भन्सार तिर्नुपर्ने जुन व्यवस्था गरेको छ, त्यसले सीमावर्ती क्षेत्रका न्यून आय भएका आम उपभोक्तालाई चरम सास्ती दिएको छ। यो व्यवहारिक नभएकाले यसलाई तत्काल हटाई घरायसी प्रयोजनका सामग्रीमा शून्य भन्सारको व्यवस्था गर्न माग गर्दछौं।

२. धार्मिक तथा सांस्कृतिक भ्रमणमा विशेष सुविधा

नेपाल र भारतका सीमावर्ती शहरहरू तथा प्रमुख धार्मिक स्थलहरूमा दर्शन र भ्रमणका लागि आउने श्रद्धालुहरूका लागि ४८ घण्टासम्मको भन्सार फ्री (Customs Free) सुविधा उपलब्ध गराइयोस्। यसले धार्मिक पर्यटन र जनस्तरको सम्बन्धलाई थप मजबुत बनाउनेछ।

३. तस्करी नियन्त्रणमा कठोरता

हामी सामान्य नागरिक र घरायसी प्रयोजनका सामान ल्याउनेलाई दिइने सास्तीको विरोध गर्दछौं, तर व्यावसायिक रूपमा हुने तस्करी (Smuggling) लाई पूर्ण रूपमा रोक्न सीमामा कठोर सुरक्षा र कानुनी कारबाहीको व्यवस्था गर्न सरकारसँग माग गर्दछौं। वास्तविक उपभोक्ता र तस्करबीचको भिन्नता छुट्याई संयमित प्रशासनको खाँचो छ।

४. व्यवस्थित सीमा बजार र खाद्यान्नमा सहुलियत

सीमा क्षेत्रका बासिन्दाहरूको सहज पहुँचका लागि सीमा क्षेत्रमै सस्तो मूल्यको व्यवस्थित बजार (Systematic Market) को व्यवस्थापन गरिनुपर्दछ। साथै, आम जनताको भान्सासँग जोडिएका अत्यावश्यक खाद्यान्न सामग्रीमा पूर्ण भन्सार छुट प्रदान गरी महँगीबाट राहत दिन अनुरोध गर्दछौं।

निष्कर्षः

सीमा क्षेत्रको संवेदनशीलता र यहाँका नागरिकको जीवनस्तरलाई बुझेर सरकारले अविलम्ब यी मागहरू सम्बोधन नगरेमा संवाद समूह थप दबाबमूलक कार्यक्रमहरू सार्वजनिक गर्न बाध्य हुनेछ।

प्रमोद कुमार साह

प्रवक्ता

नेपाल-भारत खुला सीमा संवाद समूह